# रतुवामाई नगरपालिका
# RATUWAMAI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

प.सं.: २०८२/०८३
Letter No.:
च.नं :
Dispatch No.:

सिजुवा, मोरङ
Sijuwa, Morang,

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

रतुवामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिजुवा, मोरङ कोशी प्रदेश, नेपाल स्था:२०७३

मिति :२०८२/१२/११

सूचना । सूचना ।। सूचना।।।

प्रस्तुत विषयमा पूर्वाधार विकास कार्यालय, विराटनगर, मोरङको मिति २०८२/१२/०९ गतेको प्राप्त सूचना वमोजिम उक्त कार्यालयवाट संचालन हुने कोशी जनता आवास सम्वन्धी मापदण्ड सहितको कार्यविधि, २०८२ अनुसार आवासविहिन विपन्न परिवारहरुले आफू आवासविहिन विपन्न परिवार भएको पहिचानको लागि अनुसूची-१ वमोजिमको ढाँचामा आफू आवासविहिन विपन्न परिवार भएको व्यहोराको निवेदन र स्वाघोषणा सहित तपसिल वमोजिमका कागजातहरु संलग्न गरी मिति २०८२/१२/१९ गते भित्र पूर्वाधार विकास कार्यालय, विराटनगर, मोरङमा निवेदन दर्ता गराउनु हुन अनुरोध छ। साथै पूर्वाधार विकास कार्यालय, विराटनगर, मोरङको सूचना यसै साथ संलग्न रहेको छ।

<u>तपसिल बमोजिमका कागजातहरु</u>

१.निवेदन (अनुसूची-१ वमोजिम) पूर्वाधार विकास कार्यालयवाट निःशुल्क उपलब्ध हुने।
२.विगत देखि सम्बन्धित स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण वा स्थानीय तहको सिफारिस।
३.विपन्न रहेको भनी सम्वन्धित वडाको सिफारिस।
४.जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क वुझाएको भए सो सम्वन्धी कागजात।
५.नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि।

............................
डम्मर वल्लभ वराल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

# पूर्वाधार विकास कार्यालय, मोरङ

विराटनगर, नेपाल

कोशी प्रदेश

मिति: २०८२/१२/०९
ने.सं. ११४६, चौलाथ्व
पञ्चमी, चैत्र शुक्लपक्ष

## सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट संचालन हुने जनता आवास कार्यक्रम सम्बन्धी कार्य गर्नु पर्ने भएकोले " कोशी जनता आवास सम्बन्धी मापदण्ड सहितको कार्यविधी,२०८२" को दफा ५ अनुसार आवासविहीन विपन्न पहिचानको लागि अनुसूची-१ बमोजिमको ढाँचामा आफु आवासविहीन विपन्न परिवार भएको व्यहोराको निवेदन र स्वघोषणा सहितको विवरण तपसिल बमोजिमको प्रमाण कागजात संलग्न राखी यो सूचना प्रकाशन भएको मिति २०८२/१२/१० गते देखि १० दिन भित्र ( मिति २०८२/१२/१९ गतेसम्म ) यस कार्यालयमा निवेदन दर्ता गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ । उक्त निवेदन सम्वन्धित प्रदेश सभा सदस्यको सचिवालयमा समेत उल्लेखित अवधि भित्र दर्ता गर्न सकिने छ र प्रदेश सभा सदस्यको सचिवालयमा प्राप्त निवेदन दर्ता आदेश गरी यस कार्यालयमा पठाउनु पर्ने छ ।

<u>तपसिलको कागजात</u>

1. निवेदन (अनुसूची-१ बमोजिम)
2. विगतदेखि सम्वन्धित स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण वा स्थानीय तहको सिफारिस।
3. विपन्न रहेको भनी सम्वन्धित वडाको सिफारिस।
4. जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्वन्धी कागजात ।
5. नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपी ।

नोट : अनुसूची -१ बमोजिमको निवेदन फर्म यस कार्यालयबाट नि:शुल्क उपलब्ध हुने छ ।

रतुवामाई नगरपालिका
सि. नं.
दर्ता नं. १८८६
दर्ता मिति २०८२/१२/१०

.............................
ई. खरानन्द ईसर
(कार्यालय प्रमुख)

Scanned with CamScanner